# प्रदेश सभा
# सार्वजनिक लेखा समिति
# बागमती प्रदेश
# हेटौडा, मकवानपुर, नेपाल

सार्वजनिक लेखा समितिको मिति २०७७/०१/३० गते (दिनको २:०० बजे) को ४१ औं बैठक अन्तर्गत भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयसँग सम्बन्धित महालेखापरीक्षकको बार्षिक प्रतिवेदन २०७५ ले औंल्याएको बेरुजू उपर दफावार छलफल गरी देहाय अनुसार गर्ने निर्णय गरियो।

क) प्रचलित नीति तथा कार्यक्रम अनुसार यथासक्य छिटो कार्यसम्पादन गरी यस समितिलाई जानकारी गराउन निर्देशन दिने।

ख) मन्त्रालयले सम्पादन गर्नुपर्ने काम यथासक्य छिटो सम्पादन गरी यस समितिलाई जानकारी गराउन निर्देशन दिने।

ग) स्वीकृत दरबन्दी अनुसार स्थायी पदपूर्ति गराई कार्यसञ्चालन गरी तत् सम्बन्धी भएको प्रगति यस समितिलाई जानकारी गराउन निर्देशन दिने।

घ) मन्त्रालयले कार्यालय सामान अन्तर्गत फर्निचर, सवारी साधन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेसिन लगायतका सामान सोझै खरिद र क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको पाइएकाले सो सम्बन्धमा अध्ययन गर्न एक उपसमिति गठन गरी, उपसमितिको प्रतिवेदनका आधारमा समितिले आवश्यक निर्णय गर्ने।

ङ) मन्त्रालयले कृषि तथा पशु विकास सम्बन्धी तयार गरेको बृत्तचित्र को सम्बन्धमा एक मिडिया हाउससंग गरेको सम्झौताका सम्बन्धमा अध्ययन गर्न एक उपसमिति गठन गरी, उपसमितिको प्रतिवेदनका आधारमा समितिले आवश्यक निर्णय गर्ने।

च) मन्त्रालयले उपलब्ध गराउने सेवा प्रवाह चुस्त र भरपर्दो गर्ने उद्देश्य अनुरुप मन्त्रालयले आवश्यक नीति, मापदण्ड एवं कार्यविधि निर्माणको काम बाँकी रहेकोले मन्त्रालयको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गर्न निर्देशन दिने।

छ) आन्तरिक नियन्त्रण व्यवस्थापन तर्फ मन्त्रालयले कामको प्रकृति अनुसारको नियन्त्रण प्रणाली बनाएर कार्यान्वयनको अवस्थाको सम्बन्धमा समितिलाई जानकारी गराउन निर्देशन दिने।

ज) भूमी व्यवस्थापन सम्बन्धमा भूमिमा रहेको दोहोरो स्वामित्वको अन्त्य तथा किसानको हित सम्बन्धमा हालसम्म के कति काम भयो सो को जानकारी समितिलाई गराउन निर्देशन दिने।

झ) सहकारी सम्बन्धमा प्रदेश भित्र छरिएर रहेको श्रम, सीप, प्रविधि र पुँजीलाई एकत्रित गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने सम्बन्धमा मन्त्रालयलको ध्यानाकर्षण हुन निर्देशन दिने।

ञ) सैद्धान्तिक र प्रक्रियागत बेरुजू फछ्यौंटको स्थिति यथासक्य छिटो यस समितिलाई जानकारी गराउन निर्देशन दिने।